# माथागढी गाउँपालिका
## गाउँकार्यपालिकाको कार्यालय
झडेवा, पाल्पा
५ नं. प्रदेश, नेपाल

९८४५०९०३८८

प्रथम पटक प्रकाशित मिति- २०७५/०६/१२

**कृषक समुह कृषि सहकारी नीजि कृषक फर्म तथा कृषक उधमी संस्थालाई कृषि यान्त्रीकरण, प्लाष्टिक पोखरी, प्लाष्टिक घर, मौरी घार अनुदानको लागि आवेदन पेश गर्ने १५ दिने सूचना!**

माथागढी गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय, कृषि शाखा, झडेवा, पाल्पाको आ.व. २०७५/७६ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार कृषक समुह, कृषि सहकारी, जल उपभोक्ता संस्था, कृषि फर्म र कृषकहरूले तपसिलमा उल्लेख भएका कार्यक्रमहरू अनुदानमा सञ्चालन गर्न २०७५साल अशोज २७ गते भित्र यस कार्यालयवाट उपलब्ध हुने आवेदन फारामको साथै आवश्यक विवरण संलग्न राखि पेश गर्नुहुन अनुरोध गरिन्छ । आवेदन फाराम माथागढी गाउँपालिकाको कार्यालय, आर्थिक विकास शाखा झडेवा, पाल्पा/ वडा कार्यालय १,२ र ८ मा कार्यारत कृषि प्रविधिकवाट उपलब्ध हुनेछ साथै सूचना सम्वन्धी विस्तृत जनकारीको लागि कार्यालयबाट वा वेवसाइट www.mathagadhimun.gov.comबाट समेत उपलवध हुनेछ ।

<u>आवेदन माग गरिएका कार्यक्रमहरू:</u>

१. कृषि यान्त्रीकरण - (५०%अनुदानमा)
२. साना सिंचाई निर्माण तथामर्मत सम्भार /प्लाष्टिक पोखरी
३. प्लाष्टिक घर निर्माण - (५०%अनुदानमा प्लाष्टिक सिट)
४. मौरी घार - (५०%अनुदानमा)
५. पलाष्टिक स्प्रेयर - (५०%अनुदानमा)
६. मेटलविन- (५०%अनुदानमा)

<u>कार्यक्रम माग गर्दा संलग्नहुनुपर्ने कागजातहरू :</u>

१. कृषक समुह कृषि सहकारी कृषि फर्महरूको हकमा :
- रू १० को टिकट/रसिद सहितको निवेदन ।
- कृषक समुह, कृषि सहकारी, कृषि फर्म दर्ता प्रमाण-पत्रको प्रतिलिपि ।
- कृषक समुह संस्थाले माग गरेको निर्णयको प्रतिलिपि ।
- वडा कार्यालयमा कार्यरत कृषि प्राविधिकको सिफारिस ।
- वडा कार्यालयको सिफारिस ।
- नागरिताको प्रतिलिपि ।
- समुह, संस्थाले अनुदान प्रकृयाको लागि जिम्मेवारी दिई खटाउने पदाधिकारी लाई अख्तियारी पत्र ।

२.व्यक्तिको हकमा :
- रू १० को टिकट/रसिद सहितको निवेदन।
- वडा कार्यालयमा कार्यरत कृषि प्राविधिकको सिफारिस ।
- वडा कार्यालयको सिफारिस ।
- नागरिताको प्रतिलिपि ।

प्रमुख प्रशासकीय अधिकृत

Scanned by CamScanner